# बृन्दावन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बिश्रामपुर, रौतहट, मधेश प्रदेश, नेपाल


## आ.व. २०७९/०८० सालको लागि आन्तरिक आय ठेक्का सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित भएको मिति २०७९/०५/०१**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ (च), सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ तथा प्रदेश नं. २ आर्थिक ऐन, २०७५ दफा ६ अनुसूची ४ (१) अनुसार बृन्दावन नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने निम्न आय शिर्षकहरुमा आर्थिक वर्ष २०७९/०८० का लागि नदिजन्य पदार्थको बिक्रि एवम् निकासीको आय ठेक्काहरु बन्दोबस्त गर्नु पर्ने भएकोले तपसिलमा उल्लेखित ठेक्का विवरण शर्तहरुको अधिनमा रही मुल्य अभिबृद्धि (VAT) मा दर्ता भएको फर्म, व्यक्ति वा कम्पनीहरुबाट आ.व. २०७८/०७९ का लागि नवीकरण भएको इजाजत पत्र र आ.व. २०७८/०७९ सम्मको आयकर चुक्ताको प्रमाणपत्रको प्रतिलिपिहरु तथा उक्त फर्म कार्य गर्न योग्य भएको स्वघोषणा (Declaration) पत्र सहितको लिखित निवेदनको साथ तोकिएको दस्तुर माछापुच्छ्रे बैंक हर्षाहा शाखा खाता नं. ०७५०००६५३९११००१३१ मा जम्मा गरेको बैंक भौचर (पछि फिर्ता नहुने गरी) पेश गरी रित्तपूर्वकको गोप्य शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि ३० (तीस) दिने सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | ठेक्का नम्बर | ठेक्का विवरण | उठाउनु पर्ने क्षेत्र र परिमाण | न्युनतम कबोल अंक वार्षिक रु. | बोलपत्र फारम दस्तुर रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | १/२०७९/०८० | बागमती नदिको रमौली नाकाको ढुङ्गा, गिट्टी, बालुवा, ग्रेभल | बागमती नदीको रमौली बैरिया घाट १ र रमौली बैरिया घाट २ नाकाको तोकिएको स्थानबाट १,०६,२१० घ.मि. | ४,२९,०८,८४०।- | ३०००।- | कबोल अंकको ५% |

**शर्त तथा बन्देज:-**

१. बोलपत्र फारम यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० (तीस) औं दिन सम्म बृन्दावन नगरपालिकाबाट खरिद गर्न सकिने छ र यसरी खरिद भएका बोलपत्रहरु ३१ (एकतीस) औं दिनको १२:०० बजे सम्म बृन्दावन नगरपालिकामा शिलबन्दी दर्ता गरी सक्नु पर्नेछ।

२. बोलपत्र फारम खरिद एवम् दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा कार्यालय खुलेको दिनलाई क्रमसः अन्तिम दिन मानिनेछ।

३. ठेक्काको टेन्डर फारममा उल्लेख भए अनुसार कबोल अंक ठेक्का नम्बर खुलाई फाराममा खाममा ठेक्काको नाम उल्लेख गरी शिलबन्दी गरी पेश गर्नुपर्ने छ। शिलबन्दी बोलपत्र दाखिला गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन। बोलपत्रदाताले कबोल गरेको रकमको अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ।

४. दर्ता भएका शिलबन्दी बोलपत्र सोहि दिनको २:०० (दुई) बजे यस कार्यालयमा सम्बन्धित कार्यालयका प्रतिनिधिहरु र बोलपत्र दाताका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। साथै बोलपत्र खोल्ने समयमा बोलपत्र दाताको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

५. बोलपत्र दाताले बोलपत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम नघटाई यस कार्यालयको माछापुच्छ्रे बैंक, हर्षाहा स्थित ०७५००६५३९११०००३३ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्याता प्राप्त बैंकबाट जारी भएको कम्तिमा ९० दिन म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड) बोलपत्र साथ पेश गर्नु पर्नेछ।

६. बोलपत्र स्वीकृत भए पछि वा घर दैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र नियमानुसार आयकर/मु.अ.कर दर्ता पत्रको प्रमाणित प्रतिलिपि साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ। सो अवधिमा सम्झौता अनुसार बुझाउनु पर्ने रकम बुझाई सम्झौता गरी चलान पुर्जी लिई सक्नु पर्नेछ। नगरेमा धरौटी रकम जफत गरिने छ र दोश्रो बोलपत्र दाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आव्हान गर्ने वा नगर्ने अधिकार नियमानुसार बृन्दावन नगरपालिकामा सुरक्षित रहनेछ।

७. सकार गरेको कुल रकमको हकमा ५०% नगद जम्मा गर्नु पर्ने र ५०% को हकमा नेपाल राष्ट्र बैंकबाट मान्याता प्राप्त बैंकको कम्तिमा २०८० श्रावण ७ गतेसम्मको म्याद भएको परफरमेन्स बण्ड पेश गर्नु पर्नेछ। बोलपत्र दाताले सम्झौताको समयमा ठेक्कामा उल्लेख भए अनुसारको रकम एकमुष्ठ बुझाएमा ठेक्का अंक (कबोल अंकको) सहुलियत स्वरुप १०% छुट दिइनेछ।

८. ठेकेदारले नियमानुसार कबोल अंकको १३% हुने मुल्य अभिबृद्धि कर (VAT) करदाता सेवाको कार्यालय चन्द्रपुर रौतहट कार्यालय कोड ३०५०४२००२ खाता नं. १०००२००१०००० राजश्व शिर्षक नं. ३३३१४ मा बुझाई सक्कल भौचर सहित यस कार्यालयमा बुझाउनु पर्नेछ। सो बाहेक पनि नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार बुझाउनु पर्ने आयकर लगायत अन्य कर, दस्तुर तथा शुल्क आदि सबै ठेकेदार स्वयमले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ।

९. ठेक्का अवधि आर्थिक वर्ष २०७९/०८० को सम्झौता मिति देखि लागु भई २०८० जेष्ठ मसान्त सम्म मात्र हुनेछ।

१०. बोलपत्र फारम स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा निहीत रहनेछ। ठेक्का स्वीकृत भई सम्झौता भए पश्चात कुनै किसिमको छुट वा मिनहा दिन नसकिने हुँदा कबोल अंकमा कुनै किसिमको छुट वा मिनहा दिइने छैन विशेष परिस्थिति परी सो सन्दर्भमा नेपाल सरकार वा माथिल्लो निकायबाट निर्देशन भई आएमा सोहि बमोजिम हुनेछ।

११. शुल्क उठाउने रसिदहरु ठेक्का शिर्षक अनुसार ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउन पर्नेछ। ठेकेदारले मासिक रुपमा बिक्रि विवरण यस कार्यालयमा पेश गर्नु पर्नेछ। विवरण पेश नगरेको कारण संकलन/उत्खन्न रोक्का भएमा ठेकेदारले कुनै किसिमको हर्जाना दाबि गर्न पाइने छैन।

१२. ठेकेदारले ढुङ्गा, गिट्टी, ग्रेभल, बालुवा संकलन/उत्खनन् कार्य गर्दा गराउँदा बागमती खोलाको रमौली बैरिया घाट १ र २ को स्वीकृत EIA को शर्त पालना गर्दा वातावरणीय नाकारात्मक प्रभाव न्यूनीकरण कार्यमा लाग्ने खर्च ठेकेदार आफैले व्होर्नु पर्नेछ। नेपाल सरकारबाट बन्देज लगाइएको अवधिमा खोलाबाट नदिजन्य पदार्थ झिक्ने पाइने छैन।

१३. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा सुरक्षित रहनेछ। शर्त सहितको बोलपत्रलाई बदर मानिनेछ। साथै रित नपुगी वा म्याद माघी आएको बोलपत्र उपर कुनै कार्यवाही हुने छैन।

१४. सम्मानित अदालत, नेपाल सरकारको नीति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु नगरपालिका/ठेकेदारको कर्तव्य एवम् दायित्व हुनेछ। ठेक्का सम्बन्धी कार्यालय तथा ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा नगरपालिकाको निर्णय अनुसार हुनेछ साथै नगरपालिकाले बेला बेलामा आवश्यक निर्देशन दिन सक्नेछ र उक्त निर्देशन पालना गर्नु सम्बन्धित ठेकेदारको कर्तव्य हुनेछ।

१५. नदिजन्य पदार्थ उत्खन्न गर्न ठुला मेशिनरी उपकरण प्रयोग गर्नु पर्ने अवस्थामा यस कार्यालयको निर्णय अनुसार हुनेछ।

१६. राष्ट्रिय राजमार्ग वा सहायक राजमार्गमा ढाट (तगारो) राखी वा अन्य कुनै प्रकारको अवरोध खडा गरी कर लिन पाइने छैन। तोकिएका कर संकलन स्थानमा दररेट सहितको होडिङ्ग बोर्ड राख्नु पर्नेछ।

१७. उत्खनन् तथा बिक्रि भएको नदिजन्य पदार्थ रौतहट जिल्ला भित्र मात्र प्रयोग गर्न पाइनेछ। अन्य जिल्ला तथा विदेशमा निकासी गर्न पाइने छैन।

१८. यसमा उल्लेख भएका कुराहरुमा सोहि बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४ र अन्य प्रचलित कानून अनुसार हुनेछ।

**जिल्ला भरीको नदिजन्य पदार्थ निकासी र बिक्रि हुने ढुङ्गा, गिट्टी, बालुवा, ग्रेभल तथा पांगो (निजि जग्गामा उत्पादित सहित) कर दस्तुर (भ्याट बाहेक) को संकलन दर रेटः-**

| क्र.सं. | विवरण | इकाई प्रति | निकासी तथा बिक्रि कर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | नदि नालाबाट निकासी तथा बिक्रि हुने ढुङ्गा, गिट्टी, बालुवा र ग्रेभल ( निजि जग्गामा उत्पादित हुने) समेतका | क्यू फिट | ६.२५ | ठेकेदारले भ्याट १३% रकम थप गरी संकलन गर्नु पर्नेछ। |